## स्तनपानको संरक्षण र सम्वर्द्धनसम्बन्धी राष्ट्रिय संहिता

### धारा–१
### संहिताको उद्देश्य

यस संहिताको उद्देश्य स्तनपानको संरक्षण र सम्वर्द्धन तथा आवश्यक परेमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको समुचित प्रयोगलाई पर्याप्त सूचनाको आधारमा तथा समुचित बजार एवं वितरणको माध्यमद्वारा निश्चित गरी बच्चाहरूका लागि सुरक्षित एवं पर्याप्त पोषणका सम्बन्धमा योगदान पुऱ्याउनु रहेको छ ।

### धारा–२
### संहिताको क्षेत्र

यो संहिता देहायबमोजिमका उत्पादनका सम्बन्धमा हुने बिक्री वितरण तथा तत्सम्बन्धी व्यवहारमा लागू हुनेछः–

बालसूत्र लगायतका आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरू,

आमाको दूधलाई आँशिक वा पूर्ण रूपमा प्रतिस्थापन गर्ने प्रयोजनका लागि परिवर्तन सहित वा बिना परिवर्तन बिक्री वितरण गरिएको वा अन्य कुनै किसिमले अनुकूल हुने गरी बनाएको शीशीबाट खुवाउने पूरक खाना लगायतका अन्य दुग्ध उत्पादनहरू, खाद्य तथा पेय पदार्थहरू, दूधदानीहरू तथा मुन्टीहरू ।

यो संहितामा उल्लिखित चीजहरूको पूर्ण तथा पर्याप्तता तथा त्यस्ता चीजहरूको प्रयोगसम्बन्धी जानकारीका सम्बन्धमा समेत लागू हुनेछ ।

### धारा–३
### परिभाषा

यो संहिताको प्रयोजनको लागिः–

"आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरू" भन्नालेः–आमाको दूधलाई आँशिक वा पूर्ण रूपमा प्रतिस्थापन गर्ने प्रयोजनका लागि बिक्री वितरण गरिएको वा अन्य कुनै किसिमले ल्याइएको सो प्रयोजनको लागि अनुकूल भएका वा नभएका जे भए पनि त्यस्ता खाद्य वस्तुलाई जनाउँछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"पूरक खाद्य वस्तु" भन्नाले:—बच्चाको पोषण आवश्यकतालाई पूरा गर्न नसक्ने आमाको दूधलाई वा बालसूत्रलाई पूरक हुने गरी उत्पादन गरिएको वा स्थानीय रूपमा तयार गरिएको जुनसुकै खाद्य पदार्थलाई जनाउँछ। साधारण रूपमा यस्ता खाद्य पदार्थलाई "आमाको दूध बाहेकका खाद्य पदार्थ" (विनिङ्ग फूड) वा "आमाको दूधको संपूरक" (ब्रेष्ट मिल्क सप्लिमेण्ट) भनिन्छ ।

"कण्टेनर" भन्नाले:— बेरबार पार्ने वस्तु लगायतका सामान्य खुद्रा इकाईको रूपमा बिक्रीका लागि प्रयोग हुने उत्पादनको कुनै पनि किसिमको प्याकेजिङ्गलाई जनाउँछ ।

"वितरक" भन्नाले:— यो संहिताको क्षेत्रभित्र पर्ने कुनै उत्पादनको थोक वा खुद्रा स्तरमा व्यापार गर्ने (प्रत्यक्ष वा परोक्ष रूपमा) व्यवसायमा सार्वजनिक वा निजी क्षेत्रमा संलग्न व्यक्ति, संस्थान वा अन्य कुनै निकायलाई जनाउँछ । "प्राथमिक वितरक" भन्नाले उत्पादकको सेल्स एजेण्ट, प्रतिनिधि, राष्ट्रिय वितरक वा दलाललाई जनाउँछ ।

"स्वास्थ्य हेरचाह गर्ने निकाय" भन्नाले:— आमाहरूको, बच्चाहरूको र गर्भवती महिलाहरूको स्वास्थ्यको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हेरचाह गर्ने कार्यमा संलग्न सरकारी, गैर सरकारी वा निजी संस्था वा संगठन तथा नर्सरी वा बाल हेरचाह संस्थाहरूलाई जनाउँछ । निजी रूपमा कार्य गर्ने स्वास्थ्य कार्यकर्ताहरू पनि त्यस्तो निकाय अन्तर्गत पर्नेछन् । यो संहिताको प्रयोजनको लागि स्वास्थ्य हेरचाह गर्ने निकाय अन्तर्गत फार्मेसी वा स्थापित बिक्री निकाय पर्ने छैनन् ।

"स्वास्थ्य कार्यकर्ता" भन्नाले:—स्वास्थ्य हेरचाह गर्ने निकायमा कार्यरत, स्वयंसेवक वा पारिश्रमिक नलिने लगायतका कुनै व्यावसायी वा अव्यावसायीलाई जनाउँछ ।

"बालसूत्र" भन्नाले:—चारदेखि छ महीनाको बीचका उमेरका बच्चाहरूको सामान्य पोषण आवश्यकतालाई पूर्ति गर्ने उद्देश्यले तथा त्यस्ता बच्चाहरूको शारीरिक बनोटलाई मिल्ने गरी प्रचलित नेपाली गुणस्तर अनुरूप औद्योगिक रूपमा तयार गरिएको आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुलाई


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

जनाउँछ । बालसूत्र घरमा पनि तयार गर्न सकिनेछ र त्यसरी तयार गरिएकोमा त्यस्तो बालसूत्रलाई "घरेलु" भनिनेछ ।

"लेबल" भन्नाले:- यस संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनहरूको कण्टेनर (माथि हेर्नुहोस्) मा लगाइएको टयाग, ब्राण्ड, चिह्न, तस्वीर खिचिएको वा अन्य विवरणात्मक वस्तु, लेखिएको, छापिएको, लिथो गरिएको, चिह्न लगाइएको, इम्बोस वा इम्प्रेस गरिएको लाई जनाउँछ ।

"उत्पादक" भन्नाले:- यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनको कारोवार वा कार्यमा (प्रत्यक्ष रूपमा वा नियन्त्रणमा रहेको वा सम्झौता बमोजिमको एजेण्ट वा निकाय मार्फत) सार्वजनिक वा निजी क्षेत्रमा संलग्न भएको कुनै संस्थान वा अन्य निकायलाई जनाउँछ ।

"बिक्री वितरण" भन्नाले:- उत्पादनको सम्वर्द्धन, वितरण, बिक्री, विज्ञापन, उत्पादन, जनसम्पर्क तथा सूचना सेवालाई जनाउँछ ।

"बिक्री वितरण गर्ने कर्मचारी" भन्नाले:- यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादन वा उत्पादनहरूको बिक्री वितरणको कार्य गर्ने व्यक्तिलाई जनाउँछ ।

"नमूना" भन्नाले:- बिना मूल्य प्रदान गरिने उत्पादनको एउटा वा सानो परिमाणलाई जनाउँछ ।

"सरसामान" भन्नाले:- आवश्यक पर्ने परिवारलाई प्रदान गरिने समेतको कुनै खास उद्देश्यको लागि बिना मूल्य वा कम्ती मूल्यमा कुनै खास अवधिको प्रयोगका लागि प्रदान गरिएका उत्पादनको परिमाणलाई जनाउँछ ।

## धारा-४
## सूचना तथा शिक्षा

४.१ बच्चा तथा केटाकेटीलाई खवाउनेसम्बन्धी वस्तुगत एवं नियमित जानकारी परिवार एवं बच्चा तथा केटाकेटीलाई पोषण गर्ने क्षेत्रमा संलग्न हुने व्यक्तिको प्रयोगको निमित्त उपलब्ध गराउने विषयमा श्री ५ को सरकारले निश्चितता प्रदान गर्नेछ । यस उत्तरदायित्व अन्तर्गत सूचनाको योजना, व्यवस्था, डिजाइन तथा प्रचार वा तिनीहरूको नियन्त्रणसम्बन्धी कुराहरू पर्नेछन् ।

४.२ लेखिएको, सुन्न सकिने वा देख्न सकिने जे सुकै भए तापनि बच्चालाई खुवाउने र गर्भवती महिला वा बच्चा वा केटाकेटीहरूका आमाहरू प्रति लक्षित गरिएको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचना तथा शैक्षिक सामग्रीहरूले देहायबमोजिमका सबै बुंदाहरूमा स्पष्ट जानकारी दिनु पर्नेछः–

(क) स्तनपानको फाइदा र वर्चस्व;

(ख) महिलाहरूको पोषण तथा स्तनपानको लागि तयारी एवं स्याहार संभार;

(ग) शीशीबाट आंशिक रूपमा दूध खुवाउँदा स्तनपानमा पर्ने नकारात्मक प्रभाव;

(घ) स्तनपान नगराउने गरी लिइएको निर्णयलाई परिवर्तन गर्दा आइपर्ने समस्या; र

(ङ) आवश्यकता भएको अवस्थामा उद्योगबाट उत्पादन गरिएको वा घरेलु जे सुकै भए पनि बालसूत्रको उपयुक्त प्रयोग ।

यस्ता सामग्रीहरूमा बालसूत्रको प्रयोग गर्ने सम्बन्धमा समावेश भएको सूचनाले सो वस्तुको प्रयोगले ल्याउने सामाजिक तथा आर्थिक परिणाम, अनुपयुक्त खाना वा खुवाउने तरिकाहरूले स्वास्थ्यमा पुऱ्याउने हानी र विशेष गरी बालसूत्र र आमाको दूधलाई प्रतिस्थापन गर्ने अन्य वस्तुहरूको अनावश्यक वा अनुपयुक्त प्रयोगबाट स्वास्थ्यमा पुग्ने खराबी जस्ता कुराहरू उल्लेख भएको हुनु पर्नेछ । यस्ता सामग्रीहरूले आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तुहरूको प्रयोगलाई प्रोत्साहन गर्ने खालका कुनै पनि तस्वीर वा विवरणको प्रयोग गर्नु हुँदैन ।

४.३ उत्पादक वा वितरकहरूले सूचना वा शैक्षिक उपकरण वा सामग्रीहरू श्री ५ को सरकारको अधिकारीको अनुरोध र लिखित सहमति भएमा वा सो प्रयोजनका लागि श्री ५ को सरकारले दिएको निर्देशनको परिधिभित्र रहेर मात्र अनुदानको रूपमा दिन सक्नेछन् । यस्ता उपकरण वा सामग्रीहरूमा अनुदान दिने कम्पनीको नाम वा चिह्न लगाउन सकिनेछ तर त्यस्ता उपकरण वा सामग्रीहरूले यस संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनलाई उल्लेख गर्नु हुँदैन र त्यस्ता उपकरण वा सामग्रीहरू स्वास्थ्य हेरचाह गर्ने निकाय मार्फत मात्र वितरण गरिनु पर्नेछ ।

## धारा–५
## सर्वसाधारण र आमाहरू

५.१ यस संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनहरूको सर्वसाधारणका लागि विज्ञापन गरी वा अन्य कुनै किसिमले प्रवर्द्धन गर्न हुँदैन ।

५.२ उत्पादकहरू वा वितरकहरूले यस संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनहरूको नमूना प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि किसिमले कसैलाई पनि प्रदान गर्न हुँदैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.३ यस धाराको प्रकरण १ र २ अनुरूप यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनहरूको विशेष प्रदर्शन, छूट कूपन, प्रिमियम, विशेष बिक्री, बिक्री गर्ने उद्देश्यले घाटा खाएर बेच्ने कार्य जस्ता ग्राहकलाई खुद्रा मूल्यमा प्रत्यक्ष रूपमा बिक्री गर्न अभिप्रेरित गर्ने खालको तत्काल विज्ञापन, नमूना दिने वा अन्य कुनै त्यस्तो प्रवर्द्धन गर्ने वस्तु प्रदान गर्ने कार्य गर्नु हुँदैन । यो व्यवस्थाले दीर्घकालीन आधारमा कम मूल्यमा प्रदान गर्न खोजिएको मूल्य नीति तथा व्यवहारमा बन्देज लगाउने छैन ।

५.४ उत्पादक तथा वितरकहरूले गर्भवती महिला वा बच्चा तथा केटाकेटीका आमाहरूलाई आमाको दूधलाई प्रतिस्थापन गर्ने वा शीशीबाट खुवाउने वस्तुहरूको प्रयोगलाई प्रोत्साहन गर्ने खालका कुनै चीजबीज वा भाँडाकुँडाको उपहार वितरण गर्न हुँदैन ।

५.५ बिक्री वितरण गर्ने कर्मचारीले आफ्नो कारोवारको सिलसिलामा गर्भवती महिला वा बच्चा तथा केटाकेटीका आमाहरूसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपले कुनै किसिमको सम्बन्ध राख्न खोज्नु हुँदैन ।

## धारा–६
## स्वास्थ्य हेरचाह गर्ने निकाय

६.१ मुलुकका स्वास्थ्य अधिकारीहरूले स्तनपानलाई सम्वर्द्धन तथा संरक्षण र यो संहिताका सिद्धान्तहरूलाई प्रोत्साहित गर्ने सम्बन्धमा उपयुक्त कदमहरू चाल्ने छन् र स्वास्थ्य कार्यकर्तालाई धारा ४.२ मा उल्लिखित जानकारीका साथै उनीहरूको जिम्मेवारीका सम्बन्धमा उपयुक्त जानकारी एवं सल्लाह दिनेछन् ।

६.२ यस संहिताको क्षेत्र अन्तर्गत पर्ने बालसूत्र वा अन्य उत्पादनलाई प्रोत्साहित गर्ने उद्देश्यले स्वास्थ्य हेरचाह गर्ने निकायको कुनै भवन प्रयोग गर्न हुँदैन । तर यो संहिताले धारा ७.२ मा उल्लेख गरिएबमोजिमको सूचना स्वास्थ्य व्यावसायीलाई प्रचार गर्नमा बाधा पुऱ्याउने छैन ।

६.३ स्वास्थ्य हेरचाह गर्ने निकायको कुनै भवन यो संहिता अन्तर्गत पर्ने उत्पादनको प्रदर्शनी, त्यस्ता उत्पादनको सम्बन्धमा प्लेकार्ड वा पोष्टर वा धारा ४.३ मा उल्लेख गरिए बाहेकको सामग्रीलाई उत्पादक वा वितरकले वितरण गर्नको लागि प्रयोगमा ल्याउने छैन ।

६.४ स्वास्थ्य हेरचाह गर्ने निकायले उत्पादक वा वितरकको सेवामा रहेका "व्यावसायी सेवा प्रतिनिधि" मदरक्राफ्टनर्स वा त्यस्तै कर्मचारीको प्रयोगलाई अनुमति दिने छैन ।

aCC



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.५ उत्पादन गरिएको वा घरेलु रूपमा तयार गरिएको बालसूत्रबाट खुवाउने प्रक्रियालाई आवश्यक भएको अवस्थामा स्वास्थ्य कार्यकर्ता वा अन्य सामुदायिक कार्यकर्तालि मात्र प्रदर्शन गर्न सक्नेछन् र त्यस्तो प्रदर्शन त्यस्तो प्रयोगको आवश्यकता पर्ने आमाहरू वा परिवारका सदस्यहरूको सम्बन्धमा मात्र हुनेछ र त्यस्तो सूचनामा त्यस्तो वस्तुको अनुपयुक्त प्रयोगबाट हुने खराबीको स्पष्ट व्याख्या गरिएको हुनु पर्नेछ ।

६.६ यो संहिताको क्षेत्र अन्तर्गत पर्ने बालसूत्र वा अन्य उत्पादन कुनै संघ संस्थाभित्र वा त्यस्तो संघ संस्था बाहिर कुपोषण भएका बच्चाहरूको लागि र अन्य स्वास्थ्य कारणहरूको लागि वा पर्याप्त मात्रामा किन्न नसक्ने र आफ्नो स्तनपान गराउन नसक्ने आमाका बच्चाहरूको प्रयोगका लागि कम्ती मोलमा बिक्री गरी वा दान गरी दिन हुन्छ । यदि यस्ता सरसामानहरू संस्थाभन्दा बाहिर प्रयोग गर्ने उद्देश्यले वितरण गर्न परेमा त्यस्ता संघ संस्थाले मात्र त्यस्तो वितरण गर्न सक्नेछन् । यस्तो अनुदान वा कम मूल्यमा बिक्री गर्ने कार्य बिक्री प्रवर्द्धन गर्ने उद्देश्यको रूपमा उत्पादक वा वितरकहरूले प्रयोग गर्ने छैनन् ।

६.७ यदि यो संहिताको क्षेत्र अन्तर्गत पर्ने अनुदान दिइएको बालसूत्र वा अन्य उत्पादनको आपूर्ति संस्थाभन्दा बाहिर गरिएमा त्यस्तो संघ संस्था वा संगठनले सम्बन्धित बच्चाहरूलाई आवश्यक भएसम्म त्यस्तो आपूर्ति पुऱ्याउनका लागि कदमहरू चाल्नेछन् । दाता तथा सम्बन्धित संघ संस्थाहरूले प्रस्तुत् जिम्मेवारीलाई मनन् गर्नेछन् ।

६.८ स्वास्थ्य हेरचाह गर्ने निकायलाई अनुदान दिइएका धारा ४.३ मा उल्लेख गरिए बाहेकका उपकरण र सामग्रीहरूमा कम्पनीको नाम वा चिह्न लगाउन सकिनेछ तर त्यस्ता उपकरण र सामग्रीहरूमा यो संहिताको क्षेत्र अन्तर्गत पर्ने प्रोप्राइटरी उत्पादनको उल्लेख गरिएको हुनु हुँदैन ।

## धारा–७
## स्वास्थ्य कार्यकर्ताहरू

७.१ स्वास्थ्य कार्यकर्ताहरूले स्तनपानलाई प्रोत्साहन र संरक्षण दिनु पर्दछ र आमा तथा बच्चाको पोषण गर्ने कार्यसँग विशेष रूपले सम्बद्ध व्यक्तिहरूले यस संहिताको धारा ४.२ मा भएको जानकारी लगायतका यो संहिता अन्तर्गतको जिम्मेवारीको बारेमा परिचित हुनु पर्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७.२ उत्पादक तथा वितरकहरूले यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनहरूका सम्बन्धमा स्वास्थ्य व्यावसायीहरूलाई जानकारी प्रदान गर्दा त्यस्तो जानकारी वैज्ञानिक एवं विषयगत कुराहरूसँग मात्र सम्बन्धित हुनु पर्नेछ र त्यस्तो जानकारी-ले शीशीबाट खुवाउने प्रक्रिया स्तनपान बराबर वा सोभन्दा उच्च तहको भन्ने विश्वास उत्पन्न गराउन हुँदैन । त्यस्तो जानकारीमा यो संहिताको धारा ४.२ मा उल्लेख गरिएको सूचना समावेश हुनु पर्नेछ ।

७.३ उत्पादक वा वितरकहरूले स्वास्थ्य कार्यकर्ताहरू वा उनीहरूका परिवारका सदस्य-हरूलाई यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनलाई प्रोत्साहन गराउने उद्देश्यले कुनै पनि किसिमको आर्थिक वा भौतिक प्रलोभन दिन हुँदैन र स्वास्थ्य कार्यकर्ता-हरू तथा उनीहरूका परिवारका सदस्यहरूले पनि त्यस्तो प्रलोभनलाई स्वीकार गर्न हुँदैन ।

७.४ यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनसम्बन्धी छात्रवृत्ति, अध्ययन भ्रमण, अनुसन्धान, अनुदान, व्यावसायिक सम्मेलनहरूमा सहभागिता वा अन्य त्यस्तै प्रयोजनका लागि उत्पादक वा वितरकहरूले कुनै स्वास्थ्य कार्यकर्तालाई दिएको योगदानको त्यस्ता उत्पादक वा वितरकहरूले त्यस्तो कार्यकर्ता सम्बद्ध भएको संस्थालाई जानकारी उपलब्ध गराउनेछन् ।

## धारा–८

## उत्पादक र वितरकले भर्ना गरेका व्यक्तिहरू

८.१ बिक्री वितरण गर्ने कर्मचारीलाई बिक्री गर्ने कार्यमा प्रोत्साहन दिने सिलसिलामा यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनको बिक्रीको संख्यालाई बोनसको हिसाबमा समावेश गरिनेछैन र त्यस्ता उत्पादनहरूको बिक्रीको लागि विशेष रूपमा कोटाको पनि निर्धारण गरिनेछैन । कम्पनीद्वारा बिक्री गरिएको अन्य उत्पादनहरूको पूर्ण बिक्रीका आधारमा बोनस दिन भने प्रस्तुत व्यवस्थाले रोक लगाएको मानिने छैन ।

८.२ यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनहरूको बिक्री वितरण गर्नका लागि नियुक्त भएका कर्मचारीले आफ्नो कामको जिम्मेवारीको रूपमा गर्भवती महिला वा बच्चा तथा केटाकेटीका आमाहरूका सम्बन्धमा शैक्षिक कार्यहरू गर्ने छैनन् । यो व्यवस्थाले श्री ५ को सरकारको उपयुक्त अधिकारीको अनुरोधमा र लिखित सहमतिले स्वास्थ्य हेरचाह गर्ने निकायद्वारा त्यस्ता कर्मचारीहरूलाई अन्य कार्यमा लगाउन भने रोक लगाएको मानिने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धारा–९

लेवल लगाउने

९.१ उत्पादनको उपयुक्त प्रयोगको बारेमा र स्तनपानलाई दुरुत्साहन नगर्ने गरी आवश्यक जानकारी प्रदान गर्न लेवलको डिजाइन गरिनु पर्दछ ।

९.२ बालसूत्रका उत्पादक र वितरकहरूले प्रत्येक कण्टेनरमा वा कण्टेनरबाट सजिलैसँग छुटयाउन सकिने लेवलमा सफा, स्पष्ट एवं सजिलैसँग पढ्न र बुझ्न सकिने गरी उपयुक्त भाषामा जानकारी रहनु पर्ने कुरामा निश्चित गर्नु पर्दछ तथा त्यस्तो जानकारीमा निम्नलिखित कुराहरूसमेत समावेश भएको हुनु पर्नेछः–

(क) "जरूरी सूचना" वा सो जस्तै कुनै शब्दहरू;

(ख) स्तनपानको वर्चस्वसम्बन्धी विवरण;

(ग) सोको प्रयोगको आवश्यकताको बारेमा स्वास्थ्य कार्यकर्ताको सल्लाहमा मात्र उत्पादनलाई प्रयोग गर्न हुन्छ भन्ने र प्रयोगको उपयुक्त तरिकाको विवरण;

(घ) तयारीको उपयुक्त तरिकासम्बन्धी निर्देशन तथा अनुपयुक्त तयारीबाट स्वास्थ्यमा पर्ने हानीसम्बन्धी सावधानी । कण्टेनर र लेवलमा बच्चाहरूको तस्वीर हुनु हुँदैन र त्यस्ता कण्टेनर र लेवलहरूमा बालसूत्रको वा उत्पादित संपूरक खाद्य वस्तुको प्रयोगलाई समर्थन गर्न सक्ने खालका कुनै पनि तस्वीर वा व्यहोरा हुनु हुँदैन । तर कण्टेनर र लेवलमा तयारी गर्ने तरीकालाई व्याख्या गर्ने चित्रहरू भने राख्न सकिनेछन् । "मानवीकरण भएको" जननीकरण भएको वा अन्य त्यस्तै शब्दहरूको प्रयोग गरिन हुँदैन । प्याकेट वा खुद्रा इकाईमा उत्पादन तथा उत्पादनको उपयुक्त प्रयोगको बारेमा थप जानकारी माथिका शर्त तथा बन्देजहरूको अधीनमा रही दिन सकिनेछ । लेवलले कुनै उत्पादनलाई बालसूत्रमा परिणत गर्ने सम्बन्धमा जानकारी दिएको अवस्थामा पनि माथिको व्यवस्था लागू हुनेछ । कण्टेनरमा मापक चम्चा पनि राख्नु पर्नेछ ।

९.३ बच्चालाई खुवाउनको लागि बिक्री वितरण गरिएको यस संहिताको क्षेत्र अन्तर्गत पर्ने आवश्यक शर्तहरू पूरा नगरेका तर शर्त पूरा गर्न सक्ने अवस्थाका उत्पादनहरूको लेवलमा त्यस्तो परिवर्तन नगरिएको उत्पादन बच्चाहरूको पोषणको एकमात्र स्रोत हुनु हुँदैन भन्ने कुराको सावधानी रहेको हुनु पर्दछ । स्वीटेन्ड कन्डेन्स्ड दूध बच्चाहरूको खुराकका लागि र साथै बालसूत्रको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रमुख तत्त्वको रूपमा प्रयोग गर्न उनुपयुक्त हुने हुँदा त्यस्तो उद्देश्यको लागि कसरी परिवर्तन गर्ने भन्ने कुराको निर्देशन लेवलमा रहेको हुनु हुँदैन ।

९.४ यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनको लेवलले निम्नलिखित कुराहरू पनि स्पष्ट पार्नु पर्नेछः–

(क) प्रयोग भएको तत्त्व ;

(ख) उत्पादनको बनावट । विश्लेषण;

(ग) सञ्चय गरी राख्न आवश्यक पर्ने अवस्थाहरू ; र

(घ) व्याच नम्बर र देशको जलवायु तथा सञ्चयसम्बन्धी अवस्थाहरूलाई दृष्टिगत गर्दै कुन समय अघिसम्म प्रयोग गर्ने भन्ने कुराहरू ।

धारा–१०

गुण

१०.१ बच्चाहरूको स्वास्थ्यको संरक्षण गर्नउत्पादनको गुण अपरिहार्य तत्त्व भएकोले सो गुण उच्च मान्यता प्राप्त स्तरको हुनु पर्नेछ ।

१०.२ यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनहरू बिक्री गर्दा वा अन्य कुनै किसिमले वितरण गर्दा प्रचलित नेपाली गुणस्तर अनुरूप भएको हुनु पर्नेछ ।

धारा–११

कार्यान्वयन तथा सुपरिवेक्षण

११.१ श्री ५ को सरकारले यो संहिताको सिद्धान्तहरू एवं उद्देश्यलाई कानूनद्वारा वा अन्य उपयुक्त तरिकाबाट कार्यान्वयन गराउनेछ । यो संहिताको सिद्धान्त र उद्देश्यलाई कार्यान्वयन गर्ने सिलसिलामा ग्रहण गरिएका कानून लगायतका राष्ट्रिय नीति र तरिका सार्वजनिक रूपमा प्रचार गरिनेछन् र यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनको उत्पादन वा खरीद बिक्रीमा संलग्न व्यक्तिहरूको हकमा समान आधारमा लागू हुनेछन् ।

११.२ यो संहिताको कार्यान्वयनमा यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनका उत्पादक तथा वितरकहरू, उपयुक्त गैर सरकारी सङ्गठन, व्यावसायिक सङ्गठन र उपभोक्ता सङ्गठनहरूले श्री ५ को सरकारलाई सहयोग पुर्‍याउने अपेक्षा गरिन्छ ।

११.३ यो संहिताको क्षेत्र अन्तर्गत पर्ने उत्पादनका उत्पादक वा वितरकहरूले यो संहिताको कार्यान्वयनका लागि चालिएको कदमहरू बाहेक स्वतन्त्र रूपमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।